कालिका नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रेडक्रसग्राम, चितवन
बागमती प्रदेश, नेपाल

मिति: २०८१/०२/१७

बछलागा, ११४४ ने.सं.

# सूचना ! सूचना !! सूचना !!!

## सामाजिक सुरक्षा भत्ताका लागि Biometric Verification अनिवार्य हुने सम्बन्धी अत्यन्त जरुरी सूचना।

प्रस्तुत विषयमा नेपाल सरकार, गृह मन्त्रालय, राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको प.सं ०८०/८१, च.नं ३८५ मिति २०८१/०१/२४ को प्राप्त परिपत्र अनुसार पहिलो चरणमा मिति २०८१/०४/०१ देखी यस कालिका नगरपालिकाबाट सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नविकरण तथा नयाँ निवेदन दर्ता गर्दा राष्ट्रिय परिचयपत्रमा आधारित Biometric Verification अनिवार्य गरिने भएकाले सोको लागि हालसम्म राष्ट्रिय परिचयपत्र नबनाउनुभएको सामाजिक सुरक्षा भत्ता लाभग्राहीहरुले नजिकको Enrollment Station (जिल्ला प्रशासन कार्यालय,चितवन) मा गई राष्ट्रिय परिचयपत्र बनाउनुहुन सम्बन्धित सबैमा जानकारी गराईन्छ। साथै राष्ट्रिय परिचयपत्रका लागि पहिले नै Enrollment भएका तर राष्ट्रिय परिचयपत्र नं (NIN) प्राप्त नभएका लाभग्राहीहरुले http://citizenportal.donidcr.gov.np/CitizenPortal/ लिङ्क मार्फत आफ्नो नागरिकता विवरण वा राष्ट्रिय परिचयपत्रको आवेदन नम्बरको आधारमा घरबाटै वा नजिकको वडा कार्यालय वा यस नगरपालिकाको पञ्जीकरण उपशाखामा गई हेर्न सकिने व्यहोरा जानकारी गराईन्छ।

थप जानकारीका लागि:
कालिका नगरपालिका, पञ्जीकरण उपशाखा तथा नजिकको वडा कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध छ।

वोधार्थ:
श्री वडा कार्यालय,सबै- सम्पूर्ण लाभग्राहीहरुलाई जानकारी गराई Biometric Verification अनिवार्य गर्नुहुन।
श्री सूचना तथा प्रविधि शाखा- नगरको वेवसाईट तथा सम्पूर्ण आधिकारिक सामाजिक संजालमा अपलोड गर्नुहुन।

चूडामणि शर्मा गौतम
प्रमुख प्रशासकीय अधिकृत